फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

## कृषि विकासका लागि बीउ पूँजीकोष परिचालन कार्यक्रममा सहभागिताका लागी प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं. १४/०८०/८१

सूचना प्रकाशित मिति: २०८०/०९/२०

कृषि ज्ञान केन्द्र, काभ्रेको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकासका लागि बीउ पुँजी कोष परिचालन कार्यक्रममा सहभागि हुन यस केन्द्रको कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) भित्रका इच्छुक आवेदकहरु (कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी र कृषि उद्यमी) ले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८०/१०/२०) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका सहयोगि कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि ज्ञान केन्द्र, धुलिखेल वा केन्द्रको सम्पर्क कार्यालय चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न भौगोलिक रुपमा टाढा रहेका इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.akc.gov.np/ को आयोजना/कार्यक्रम माग आवेदन फारम भित्र गइ [आयोजना / कार्यक्रम माग आवेदन फारम] प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु मध्ये कृषि विकासका लागि बीउ पुजी कोष परिचालन कार्यक्रमको +आवेदन फारम भर्नुहोस लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

| क्र. स. | परिमाण | कुल बजेट रु. लाखमा | आवेदन दिन सकिने क्षेत्र/मापदण्ड तथा उपलब्ध हुने सुविधाहरु | प्रस्तावपत्र साथ संग्लग्न गर्नपर्ने आवश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | १० पटक | १०० | • लगानीको क्षेत्र: खाद्यान्नबाली, फलफुल, तरकारी, कन्दमुल, मसलाबाली, पुष्प, च्याउ, मौरी, रेशम, चिया, कफी अलैंची, तेल्हन, दलहन बाली कपास, जुट, उखु, रवर खेति एंव कृषि पर्यटन संग सम्बन्धित उत्पादनमुखि कृयाकलाप एवं व्यवसायहरु<br>• उत्पादनमुखि कृषि व्यवसाय एवं क्रियाकलापहरुको लागि कुल स्वीकृत परियोजना लागतको बढीमा ५० प्रतिशत वा बढीमा रु. १० लाखसम्म बिउपुँजी उपलब्ध गराइने।<br>• रु.१० लाखसम्मको बीउ पुँजी परिचालन गर्न प्रस्तावकले सो रकम बराबरको जग्गा रोक्का सुनिश्चितता गर्नुपर्ने।<br>• परिचालन गरिने बीउ पुँजिमा ब्याजदर शून्य लाग्ने। | १. रु. १०/- को टिकट टाँस गरी बीउपुँजि परिचालन कार्यविधि २०८० को अनुसूची-३ अनुसारको आवेदन,<br>२. परियोजना सम्बन्धी व्यवसायिक योजना<br>३. प्रस्तावक संस्थाको संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र आ.व.०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>४. संस्थाको हकमा पछिल्लो आ.व. ०७९/८०को लेखा परीक्षणको प्रमाणित प्रतिलिपि<br>५. कृषक समूह/कृषि सहकारी/कम्पनीको हकमा बैठकको निर्णय प्रतिलिपि<br>६. कम्तीमा ५ बर्ष वा बीउपुँजी फिर्ता गर्ने अवधिको जग्गा बैंक सुरक्षण/ जग्गा रोक्का प्रमाणपत्र<br>७. पेश भएको जग्गाको लालपूर्जा हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस<br>८. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>९. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>१०. कृषि व्यवसाय विमा गरेको बिमालेख<br>११. अन्य आवश्यक सहयोगी कागजातहरु |

पुनश्च:

- "बीउ पुँजि परिचालन कार्यविधि २०८०" कृषि ज्ञान केन्द्र, काभ्रेपलान्चोकको वेभसाइट https://www.kavre.akc.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
- अनलाइन मार्फत फर्म भर्ने आवेदकहरुले उल्लेखित सम्पुर्ण कागजातहरुको सक्कल/प्रमाणित प्रति फिल्ड भेरिफिकेशनको क्रममा अनिवार्य देखाउँनुपर्ने छ। अन्यथा आवेदन छनौटका लागि मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन साथै इमेल बाट प्राप्त आवेदनहरुलाइ मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं